भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति २०८१/०४/१२

**निर्णय नं. १** : भिमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक समीक्षा मिति २०८१ साल साउन ३१ गते विहिवार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेशमा अनलाइन प्रविष्ट तथा प्रकाशन गर्न तपसिल बमोजिमको कार्यदल गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |
| सदस्य | ई. सुरेश राउत, ईन्जिनियर |
| सदस्य | ज्ञानु कुमार खड्का, शाखा अधिकृत |
| सदस्य | ई. रश्विन थापा, सूचना प्रविधि अधिकृत |
| सदस्य | उद्धव प्रसाद अधिकारी, TAF |
| सदस्य | शान्ति नेपाल, बरिष्ठ सहायक |
| सदस्य सचिव | ई. नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर |

**निर्णय नं. ४** : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को विनियोजन ऐन बमोजिम भीमेश्वर नगरपालिकाका वडाहरु तथा शाखाहरु अन्तर्गत सन्चालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजारबाट खरिद गर्नुपर्ने सामानहरुको विवरण टेन्डर मार्फत खरिद गर्ने प्रयोजनका लागि २०८१ साउन मसान्तभित्र भीमेश्वर नगरपालिकाको कार्यालयमा उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति २०८१/०४/१२

**निर्णय नं. ५** : यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत (विगत लामो समयदेखि) स्थायी शिक्षकहरुले स्वेच्छिक अवकाश लिन चाहेमा देहाय बमोजिमका सेवा अवधि पुगेका शिक्षक/शिक्षिकालाई देहाय बमोजिमको एकमुष्ठ थप प्रोत्साहन सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

| क्र.स. | तह | सेवा अवधि | अनिवार्य अवकाश हुन बाँकी अवधि | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|
| १ | मा.वि. र आधारभूत विद्यालय | २५ वर्ष | कम्तिमा २ वर्ष | दुई लाख |
| | | | कम्तिमा १ वर्ष | एक लाख |

**निर्णय नं. ६** : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रममा तेस्रो वा सो भन्दा बढी सन्तान जन्माउने दम्पतीलाई प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत भीमेश्वर नगरपालिका स्थायी ठेगाना भएका दम्पतीबाट तेस्रो वा सो भन्दा बढी सन्तान जन्माई सम्वन्धित वडामा जन्मदर्ता गराएका दम्पतीलाई प्रोत्साहन स्वरूप बच्चाको आमाको नाममा बैंक खातामा रु १०,०००/- (दश हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** : यस नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्र.स. ११९ को वडा नं. ५ मथानीको शहरी स्वास्थ्य केन्द्र मर्मत सम्भारलाई वडा नं. ५ मथानीको शहरी स्वास्थ्य केन्द्र निर्माण शीर्षकमा संशोधन गरिदिन स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : यस नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्र.स. ११८ को आधारभूत स्वास्थ्य

प्रमुख प्रशासकीय अधिकृत

केन्द्र भवन निर्माण शीर्षकलाई वडा नं. २ को शहरी स्वास्थ्य केन्द्र, राम्पाको भवन निर्माण शीर्षकमा संशोधन गरिदिन स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम भीमेश्वर नगरपालिका वडा नं. ५ को एम्बुलेन्स सेवा विपन्न तथा सुत्केरी महिला कार्यक्रममा विनियोजन भएको बजेटबाट सामाजिक सुरक्षा प्राप्त नगरेका सोही वडाका विपन्न गर्भवती/सुत्केरी महिलालाई अस्पताल लैजानको लागि सम्वन्धित वडाको सिफारिसमा एम्बुलेन्स सेवा खर्च वापत प्रति गर्भवती/सुत्केरीलाई अधिकतम् रु ५,०००/- (पाँच हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :** बागमती प्रदेश सरकार, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको च.नं. २५६, मिति २०८०/१०/०९ को पत्रबाट यस नगरपालिकाका नगर प्रमुखलाई सम्वोधन गरी साविक महिला विकास कार्यालय रही हाल प्रयोगविहिन अवस्थामा रहेको उक्त भवनबाट सेवा प्रवाह गर्न सहज हुने र छिटो छरितो सेवा प्रवाह हुने हुँदा उक्त भवन उपलव्ध गराईदिन अनुरोध भई आएको सन्दर्भमा यस अघि घरेलु तथा साना उद्योग कार्यालय, दोलखाको च.नं. ३५०, मिति २०८०/०९/१९ को पत्रबाट समेत पुरानो दोलखा बजारमा रहेको जिर्ण भवनबाट विभिन्न सेवा सुविधाबाट समेत टाढा रहेको स्थानबाट सेवा प्रदान गर्न कठिन भएकोले साविकको महिला विकास कार्यालय रहेको भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाई दिन अनुरोध भई आएकोमा मिति २०८०/१०/२७ गतेको नगर कार्यपालिकाको २०औं बैठकको निर्णय नं. ५ बाट साविकको घरेलु तथा साना उद्योग समितिको भोगाधिकारमा रहेको दोलखा भीमेश्वर मन्दिरसँग जोडिएको जग्गा तथा भवन, प्रसिद्ध भीमेश्वर मन्दिरलाई व्यवस्थापन गर्न र साविकको महिला विकास कार्यालय रहेको भवनबाट साविक घरेलु तथा साना उद्योग कार्यालयको सेवा प्रवाह गर्न उचित हुने देखिएकाले सम्वन्धित निकाय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने सम्मको निर्णय भएको र उक्त दुवै भवन भीमेश्वर नगरपालिकाको

स्वामित्वमा नरहेकोले यस नगरपालिकाले भवन हस्तान्तरण नगरेको तथा हस्तान्तरण हुने अवस्था समेत नरहेकै अवस्थामा मिति २०८१/०३/१६ गते भीमेश्वर नगरपालिका वडा नं. २ स्थित विभिन्न संघ/संस्था तथा वडावासीको तर्फबाट ज्ञापन पत्र सहित उक्त कार्यालय पुरानो दोलखा बजारमा रहेको भवनबाटै सन्चालन गर्न जनस्तरबाट माग भई आएकोले जनभावनाको कदर गर्दै मिति २०८१/०३/१६ को पत्रबाट साविक बमोजिमकै स्थान र भवनबाट कार्यालय सन्चालन गर्न अनुरोध गर्ने कार्य भएको छ । अतः यस नगर कार्यपालिकाको २०औं बैठकको निर्णय नं. ५ बाट प्रदेश सरकारको काममा सहजीकरण र समन्वयकारी भूमिका मात्र निर्वाह गरेको तथा स्थानीय जनभावना र प्रचलित कानूनको अधिनमा रही गरेको निर्णयबाट द्विविधा उत्पन्न नहुने व्यहोरा बागमती प्रदेश सरकार, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** भीमेश्वर नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वीकृत दरवन्दीमा रिक्त रहेको नगर प्रहरी प्रथम पद संख्या पाँच (एक महिला, चार खुला) करार सेवामा भर्ना लिन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२ :** एक वडा एक पशु सेवा प्राविधिक व्यवस्था गरी पशुपालन मार्फत कृषकको जीवनस्तर सुधारका लागि पशु सेवा प्राविधिक (सहायक चौथो) सेवा करारमा लिन भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रममा पशु सेवा प्राविधिक (सहायक चौथो सरह) पाँच जना, वडा नं. २, ४, ५ र ८ को लागि सहायक कम्प्युटर अपरेटर (सहायक चौथो सरह) एक/एक जना र डिलढुंगा सहरी स्वास्थ्य केन्द्रका लागि एक जना अनमी सेवा करारमा लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयनमा संलग्न हुने करार सेवामा कार्यरत कर्मचारीहरुको दुर्घटना

बिमा गर्न आवश्यक भएकोले प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सि.नं. ४३५ को पशु स्वास्थ्य सेवा कार्यक्रममा बिनियोजन भएको बजेट बाट वडा नं. ५ को ANC/PNC प्रोत्साहन कार्यक्रमका लागि रु ५०,०००/- रकमान्तर/शिर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सि.नं. ३७४ को भीनपा पाखाटोल सडक आयोजनामा बिनियोजन भएको बजेट रु ३,००,०००/- (तीन लाख) बाट जेष्ठनागरिक अपांग कार्यक्रमका लागि रु १,००,०००/- (एक लाख) रकमान्तर/शिर्षकान्तर गर्ने र क्र.स. २२६ कमिनीचौर - पिपलबोट सडक निर्माण शीर्षकमा बिनियोजन भएको बजेटबाट रु ५,००,०००/- सहरी स्वास्थ्य केन्द्र, किरातीछापमा रकमान्तर/शिर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :** भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोवाटो सपिंग कम्प्लेक्स भवन मासिक रु ८,१९,०००/- (आठ लाख उन्नाईस हजार) मा भाडामा लगाउन पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति २०८१/०४/१२

**निर्णय नं. १७** : भीमेश्वर नगरपालिकाका वडाहरुमा प्राविधिक कर्मचारीहरुको जिम्मेवारी तपसिल बमोजिमको हेरफेर गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम | पद | साविक जिम्मेवारी | अबको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | लिला बहादुर जिरेल | सहायक ईन्जिनियर | झोपु कार्यक्रम | झोपु कार्यक्रम संयोजन तथा वडा नं. ४ |
| २ | भविन्द्र थापा | सहायक ईन्जिनियर | वडा नं. ४ | वडा नं. ८ |
| ३ | विकास गौतम | असई | वडा नं. ८ | झोपु कार्यक्रम |

**निर्णय नं. १८** : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पर्यटन विकास तथा प्रवर्द्धनका लागि वडा पर्यटन केन्द्र डिपिआर शीर्षक अन्तर्गत तपसिल बमोजिम पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | पर्यटकीय क्षेत्र |
|---|---|
| १ | सुन्द्रावती छहरा र भूमे मन्दिर |
| २ | समपदा बस्ती गुरुयोजना |
| ३ | चरिघ्यांग गुम्बा क्षेत्र |
| ४ | जलेश्वर टहले मन्दिर क्षेत्र |
| ५ | महांकाल मन्दिर तथा पिपलबोट क्षेत्र |
| ७ | हात्तीछहरा र ओखे खेलमैदान क्षेत्र |
| ८ | चर्नावती पार्क |
| ९ | शिव ताल |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति २०८१/०४/१२

**निर्णय नं. १९ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सङ्घीय समपुरक अनुदान शीर्षकमा विनियोजन भएको बजेटबाट घ्यावापानी - सेरा - निगाले सडकको सबै वडाका अति आवश्यक खण्डमा स्तरोन्नति कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बागमती प्रदेश विशेष अनुदान शीर्षकमा विनियोजन भएको बजेटबाट कृषि उपज बजार पूर्वाधार निर्माण, वडा नं. ३ को कार्य सातदोवाटो कृषि बजार क्षेत्रमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सङ्घीय अनुदान (क्र.स. १२३) र यस नगरपालिकाको लागत साझेदारीमा बाट निर्माण हुने चार वटा झोलुंगे पुलहरुको स्टिल पार्ट्स खरिदको ठेक्का सम्झौता भएको, झोलुंगे पुलहरुको निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता भएकोमा स्टिल पार्ट्स खरिद तथा झोलुंगे पुलहरु निर्माण सम्पन्न गर्न आ.व. २०८१/०८२ मा विनियोजित बजेट नपुग भएकोले थप बजेट माग गर्ने निर्णय गरियो

**निर्णय नं. २२ :** भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार क्र.स. ८३ कृषि उपज भण्डारण चिस्यान कक्ष निर्माण कार्य वडा नं. ३ स्थित कृषि बजार क्षेत्रमा रहेको भिमेश्वर नगरपालिकाले निर्माण गरेको दुई तले भवनमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :** क्षमावती मावि श्रोत व्यक्ति पारिश्रमिक शीर्षकमा रु ६,००,०००/- (छ लाख) बिनियोजन गरिएकोमा उक्त विद्यालयको मावि तह (कक्षा ९ र १०) को लागि नेपाली विषयको सिकाई उपलव्धी वृद्धि गर्न मावि तहको तृतीय श्रेणी सरह सुविधा उपलव्ध गराउने गरी उक्त शीर्षकलाई शिर्षकान्तर गरी मावि नेपाली नगर

शिक्षक शीर्षकमा लैजाने र सो शिक्षक नियुक्ति पशचात उक्त रकम विद्यालयलाई उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ विविध :**

क० भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार क्र.स. २१६ को पशुपति चौलागाईं स्मृति अस्पताल सेवा सुदृढिकरण कार्यक्रममा रु १०,००,०००/- (दश लाख) बिनियोजन गर्ने निर्णय गरियो ।

ख० भिमेश्वर नगरपालिकाको बस्तुगत विवरण तयार गरिदिन तथ्यांक कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकलाई अनुरोध गर्ने निर्णय गरियो , ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

प्रमुख प्रशासकीय अधि.